काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : ३२९ ❐ शुक्रवार, २६ भदौ, २०८३ ❐ Friday, 11 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

चार दशकदेखि जग्गा विवाद, सर्वोच्चको फैसला आए पनि रोकिएन अल्झन

जग्गाधनी होमराज भण्डारी भने सर्वोच्च अदालतबाट आफ्नो पक्षमा फैसला भइसकेको र त्यसविरुद्धको पुनरावलोकनसमेत अघि नबढेको अवस्थामा पुरानो विवाद फेरि उठाएर नक्सापास रोकिएको भन्दै असन्तुष्ट छन् ।

❐ चाँदनी कठायत

सुर्खेत, २५ भदौ

सर्वोच्च अदालतले पुरानो जग्गा विवादमा पुनरावेदन अदालत सुर्खेतको फैसला उल्टाएको तथा त्यसविरुद्ध परेको पुनरावलोकनको निवेदनलाई समेत अनुमति नदिएको अवस्थामा वीरेन्द्रनगर-६ का होमराज भण्डारीको घर नक्सापाससम्बन्धी फाइल भने अझै सुर्खेत उपत्यका नगर विकास समितिमा अड्किएको छ । जिल्ला अदालतबाट फैसला कार्यान्वयनका लागि पत्र आएपछि वीरेन्द्रनगर नगरपालिकाले नक्सापाससम्बन्धी सक्कल फाइल नगर विकास समितिमा पठाएको हो । समितिबाट निर्णय नआएसम्म नक्सापासको प्रक्रिया अघि बढाउन नसक्ने नगरपालिकाले जनाएको छ ।

यो विवादको जरो चार दशकअघिदेखि सुरु भएको हो । साविक कटकुवा गाविस-३, हाल वीरेन्द्रनगर नगरपालिका-६ मा पर्ने जग्गासँग सम्बन्धित विवादमा साविक कित्ता नम्बर १४९ र १५२ लगायतका जग्गा जोडिएका छन् । पछि साविक कित्ता नम्बर १४९ बाट कायम भएका कित्ता नम्बर ४०४६ र ४०४७ समेत विवादमा परेका छन् । उपलब्ध कागजातअनुसार २०४५ जेठ ६ गते सर्वोच्च अदालतबाट विवादित घडेरीको विवाद समाधानका लागि सम्बन्धित निकायलाई आदेश भएको थियो । त्यसपछि पनि जग्गाको



अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय
सुर्खेत

पत्र संख्या: २०८१/०८२
चलानी नं:- SKT-8182-64609


मिति: २०८२/७३/१८ गते।
ने.सं. ११४५ दिलबाध ७, बुधवार

विषय:- लेखी पठाईएको सम्बन्धमा ।

श्री वीरेन्द्रनगर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
सुर्खेत।

प्रस्तुत विषयमा यस कार्यालयमा दर्ता भएको उ.नं.नं. ८१८२८-०६०८०४, मिति २०८२/०१/०३ गतेको "होमराज भण्डारिको नाममा दर्ता कायम भएको जिल्ला सुर्खेत, वीरेन्द्रनगर नगरपालिका सार्विक कटकुवा कित्ता नं. ४०४६ र ४०४७ मा जग्गा पासको कामलाई रोकी हालसम्म कुनै पनि प्रक्रिया नै थालनी नगरेको" भने संघिय न्यायोरको उजुरीको सम्बन्धमा प्रारम्भिक छानविन गर्दै पेश हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८२/०३/२३ गतेको निर्णयानुसार "प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्न/गराउन" वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुर्खेतलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ९ बमोजिम लेखि पठाउने निर्णय भएकोले सोही बमोजिम गर्न/गराउन सूचित गरिन्छ ।

(विष्णुर पोखेल)
गणी अधिकृत



श्री सुर्खेत जिल्ला अदालत

स्वामित्व, भोगचलन र क्षेत्रफलसँग सम्बन्धित विवाद विभिन्न निकाय हुँदै अदालतसम्म पुगेको देखिन्छ । विवादकै कारण सम्बन्धित जग्गामा निर्माण कार्यसमेत रोकिएको थियो । सुर्खेत उपत्यका नगर विकास समितिले नगरपालिकालाई पत्राचार गर्दै विवाद समाधानको प्रक्रिया अगाडि बढिरहेको भन्दै अर्को पत्र नआएसम्म सम्बन्धित जग्गामा स्थायी वा अस्थायी निर्माण स्वीकृति नदिन आग्रह गरेको थियो ।

भण्डारीको नक्सापास तथा निर्माणसम्बन्धी विषय अदालत पुगेको थियो । पुनरावेदन अदालत सुर्खेतबाट २०७१ सालमा भएको फैसलासँग सम्बन्धित कागजातमा विवादित जग्गामा निर्माण कार्यको स्वीकृति दिन नहुने अवस्था बनेको देखिन्छ । यही कारण होमराजको नक्सापास प्रक्रिया लामो समय रोकिएको थियो । पुनरावेदन अदालतको फैसलापछि होमराज भण्डारी सर्वोच्च अदालत पुगे । सर्वोच्च अदालतले २०८० फागुन २० गते फैसला गर्दै पुनरावेदन अदालत सुर्खेतबाट भएको फैसला उल्टाएको कागजातमा उल्लेख छ । सर्वोच्चको फैसलासम्बन्धी कागजातमा विवादित जग्गा भण्डारीको हकभोगसँग सम्बन्धित रहेको उल्लेख गर्दै तत्कालीन पुनरावेदन अदालतबाट जारी भएको निषेधाज्ञा कायम नरहने ठहर भएको देखिन्छ ।

सर्वोच्चको उक्त फैसलाविरुद्ध नारायणप्रसाद सापकोटासहितको पक्षबाट पुनरावलोकनको अनुमति मागिएको थियो । तर सर्वोच्च अदालतको पूर्ण इजलासले पुनरावलोकन गर्नुपर्ने कानुनी अवस्था नदेखिएको भन्दै अनुमति नदिने आदेश गरेको कागजातमा उल्लेख छ । यससँगै पुरानो अदालती विवादले अर्को चरण पूरा गरेको देखिन्छ । तर त्यसपछि नक्सापासको प्रक्रिया भने प्रशासनिक तहमा फेरि अड्किएको छ । सर्वोच्चको फैसला कार्यान्वयनका लागि होमराज भण्डारीले सुर्खेत जिल्ला अदालतमा निवेदन दिएका थिए । जिल्ला अदालतले २०८१ पुस १ गते नगरपालिकालाई पत्र पठाउँदै सर्वोच्चको फैसला कार्यान्वयनसँग सम्बन्धित प्रक्रिया अघि बढाउन जानकारी गराएको कागजातमा उल्लेख छ ।

जिल्ला अदालतको पत्रमा भण्डारीले नक्सापासलगायतका काम अघि बढाइदिन माग गर्दै दिएको निवेदनको सन्दर्भ उल्लेख गरिएको छ । त्यसपछि नक्सापासको प्रक्रिया पुनः वीरेन्द्रनगर नगरपालिकामा पुगेको हो । नगरपालिकाका भवन तथा वस्ती विकास उपशाखाका अधिकृत छैटौँ किशोर कँडेलका अनुसार नगरपालिकामा रहेको नक्सापाससम्बन्धी सम्पूर्ण सक्कल फाइल नगर विकास समितिमा पठाइएको छ । उनका अनुसार सर्वोच्च अदालतको फैसला तथा त्यसको कार्यान्वयनसम्बन्धी कागजात पनि नगरपालिकामा आइसकेका छन् ।

कँडेलले नगर विकास समितिबाट निर्णय नआएसम्म नगरपालिकाले नक्सापाससम्बन्धी प्रक्रिया अघि बढाउन नसक्ने बताए । 'नगरपालिकाबाट सम्पूर्ण कागजपत्रसहित सक्कल फाइल नगर विकास समितिमा पठाएका छौँ,' उनले भने, 'समितिबाट गर्ने अथवा नगर्ने भन्ने आदेश नआएसम्म हामीले केही गर्न सकेका छैनौँ ।' कँडेलका अनुसार नगर विकास समिति र नगरपालिका अलग-अलग संस्था भए पनि विषय समितिसँग सम्बन्धित भएकाले फाइल त्यहाँ पठाइएको हो । वीरेन्द्रनगर नगरपालिकाकी नगरप्रमुख एवं सुर्खेत उपत्यका नगर विकास समितिकी अध्यक्ष मोहनमाया ढकालका अनुसार भण्डारीको नक्सापाससम्बन्धी विवाद नारायणप्रसाद सापकोटा पक्षले मुद्दा दर्ता गरेपछि रोकिएको हो । ढकालका अनुसार सापकोटा पक्षले होमराजले दाबी गरेको जग्गाको क्षेत्रफलभन्दा करिब दुई कट्ठा बढी जग्गा रहेको दाबी गर्दै मुद्दा दर्ता गरेको थियो । उक्त अतिरिक्त जग्गा सरकारी जग्गा हो कि होइन भन्ने विषयसमेत विवादसँग जोडिएपछि त्यसको अवस्थाबारे खोजबिन र छानबिनको प्रश्न उठेको उनको भनाइ छ ।

उनका अनुसार अदालतमा मुद्दा परेपछि विवादित जग्गाको वास्तविक अवस्था, क्षेत्रफल र स्वामित्वसम्बन्धी विषय हेर्नुपर्ने हुन्छ । तर कानुनी रुपमा जग्गाधनीले पाउनुपर्ने कुरा भने पाउने ढकालले बताइन् ।

'उहाँको जग्गालाई लिएर अर्को व्यक्तिले मुद्दा हालेकाले रोकिएको हो,' उनले भनिन्, 'सरकारी जग्गा भएकाले खोजी गरिपाउँ भनेर मुद्दा हालेपछि अहिले प्रक्रियामा छ, उहाँलाई अन्याय हुँदैन, पाउनुपर्ने पाउनुहुन्छ । मुद्दा आएपछि छानबिन त हुने नै भयो ।' ढकालका अनुसार विवादित क्षेत्रको वास्तविक अवस्था स्पष्ट भएपछि कानुनी प्रक्रियाअनुसार निर्णय हुने देखिन्छ ।

आफ्नो फाइल अड्काएको भण्डारीको आरोप

जग्गाधनी होमराज भण्डारी भने सर्वोच्च अदालतबाट बाँकी पृष्ठ ३

अब यी अस्पतालमा बन्नेछ ठूला शवगृह



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २५ भदौ

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले विपद्का समयमा ठूलो सङ्ख्यामा शव व्यवस्थापन गर्न सक्ने गरी शवगृह निर्माण गर्ने योजना अघि सारेको छ ।

मन्त्रालयले देशका विभिन्न १२ वटा सङ्घीय अस्पताल तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रत्येक अस्पतालमा कम्तीमा ५० शव अट्ने क्षमताको शवगृह निर्माण गर्ने भएको छ ।

कोशी अस्पताल, नारायणी अस्पताल, गजेन्द्र नारायण सिंह अस्पताल, भरतपुर अस्पताल, भेरी अस्पताल र डडेलधुरा अस्पतालमा शवगृहको क्षमता विस्तार तथा निर्माणका लागि प्रक्रिया अघि बढाइनेछ ।

त्यस्तै, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, बीपी कोइराला, पाटन, पोखरा, राप्ती र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एकपटकमा कम्तीमा ५० शव व्यवस्थापन गर्न सक्ने क्षमताको शवगृह निर्माण तथा क्षमता विस्तार गरिनेछ ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले विगतका विपद्का क्रममा शव व्यवस्थापनमा देखिएका कठिनाइ र पछिल्लो भोटेकोशी बाढीमा शव व्यवस्थापन चुनौतीपूर्ण बनेको अवस्थालाई ध्यानमा राख्दै अस्पतालमा यस्तो पूर्वाधार आवश्यक रहेको बताइन् ।

विपद् व्यवस्थापन सिकाइका आधारमा भविष्यमा यस्ता समस्या दोहोरिन नदिन अस्पतालमै पर्याप्त क्षमताको शवगृह निर्माण गर्नुपर्ने उनको भनाइ छ । मन्त्री मेहताले फरेन्सिक मेडिसिनको महत्त्व बढ्दै गएको तथा मेडिको-लिगलसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन शवगृहको क्षमता विस्तार अपरिहार्य रहेको बताइन् ।

रसुवा बाढीबाट पाँच जिल्लाका १६ हजार घरधुरी प्रभावित, कुन स्थानीय तह कति ?

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २५ भदौ

रसुवाको भोटेकोशी नदीमा यही भदौ १० गते बुधबार बिहान आएको भीषण हिमबाढीका पाँच जिल्लाका १५ स्थानीय तहमा ठूलो संख्यामा घरधुरी र जनसंख्या प्रभावित भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले राष्ट्रिय जनगणना, २०७८ अनुसार रसुवा, नुवाकोट, धादिङ, गोखरा र चितवनका बाढी प्रभावित क्षेत्रमा ५१ हजार ९९ घरधुरी र दुई लाख चार हजार ६०१ जनसङ्ख्या छन् ।

बाढीका कारण उक्त क्षेत्रमा प्रभावित १६ हजार ११० घरधुरीमा रहेका ६४ हजार ३३५ जना छन् । "प्रत्यक्ष



रूपमा बाढीका कारण सात हजार ५७०, आठ हजार ३१७ घरधुरी र ३२ हजार ९६३ जनसङ्ख्या प्रभावित छन्, प्रभावित जनसङ्ख्यामध्ये १६ हजार ७६९ पुरुष र १६ हजार १९२ महिला छन्", प्राधिकरणको प्रतिवेदनमा उल्लेख छ ।

कुन जिल्लामा कति प्रभावित ?

बाढीका कारण रसुवाका चार स्थानीय तहका १६ वटा वडा प्रभावित भएका छन् ।

गोसाइँकुण्ड

गाउँपालिका-१, २, ३, ५ र ६ प्रभावित भएका छन् । बाढीका कारण क्षतिग्रस्त एक हजार ३०३ घर/भवनका एक हजार ४४४ घरधुरीमा रहेका पाँच हजार ७४३ मानिस प्रभावित भएका छन् ।

कालिका गाउँपालिका-१ प्रभावित भएको छ । उक्त पालिकामा क्षतिग्रस्त ११४ भवनका ११९ घरधुरीमा रहेका ४९१ मानिस प्रभावित भएका छन् । आमाछोदिङ्मो गाउँपालिकाका-१, २, ४ र ५ प्रभावित भएका छन् । यहाँ बाढीका कारण क्षतिग्रस्त ७६ भवनका ७७ घरधुरीमा रहेका ३१३ मानिस प्रभावित भएका छन् उत्तरगया गाउँपालिका-१, २, ३, ४ र ५ प्रभावित भएका छन् । बाढीका कारण क्षतिग्रस्त ६६५ भवनका ६९६ घरधुरीमा रहेका दुई हजार ७१९ मानिस प्रभावित भएका छन् ।

नुवाकोट

नुवाकोटमा चार स्थानीय तहका २१ वटा वडा प्रभावित भएका छन् । बेलकोटगढी नगरपालिका-५, ७ र ८ प्रभावित भएका छन् । प्राधिकरणका अनुसार यहाँ बाढीका कारण क्षतिग्रस्त एक हजार ८३ भवनका एक हजार १२७ घरधुरीमा रहेका चार हजार ४८३ मानिस प्रभावित भएका छन् । विदुर नगरपालिका-१, २, ३, ४, ५, ६, ७, ८, ९, १० र १२ प्रभावित भएका छन् बाढीका कारण क्षतिग्रस्त यहाँका पाँच हजार २२८ भवनका पाँच हजार ९२८ घरधुरीमा रहेका २३ हजार बाँकी पृष्ठ ४

सम्पादकीय

प्रभावकारी विधायिकीमा अझै प्रश्न

कर्णाली प्रदेशसभा गठन भएको करिब नौ वर्षमा ७५ वटा कानुन निर्माण हुनु संख्यात्मक रूपमा हेर्दा उपलब्धि देखिन्छ । तर प्रदेशसभाले कति कानुन बनायो भन्ने प्रश्नसँगै ती कानुन कति आवश्यक, प्रभावकारी र समयानुकूल छन् भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण हुन्छ । कानुनको संख्या बढ्दै जानु मात्रै प्रदेशसभाको सफलता मापन गर्ने पर्याप्त आधार हुन सक्दैन । प्रदेशसभाको पहिलो कार्यकालमा ५३ वटा विधेयक प्रमाणीकरण भएका थिए भने दोस्रो कार्यकालमा २०८३ असार मसान्तसम्म २२ वटा मात्रै कानुन बनेका छन् । यसले पछिल्लो कार्यकालमा विधायिकी गतिविधि अपेक्षाकृत सुस्त भएको देखाउँछ । प्रदेशसभामा दर्ता भएका ८३ विधेयकमध्ये आठ वटा फिर्ता र तीन वटा निष्क्रिय हुनु पनि कानुन निर्माणको तयारी, क्षेत्राधिकार र प्रक्रियागत कमजोरीतर्फ संकेत गर्छ ।

संघीय कानुनसँग बाझिने वा प्रदेशको अधिकार क्षेत्रभन्दा बाहिरका विषय समेटिएका कारण विधेयक फिर्ता हुनु स्वाभाविक प्रक्रियाको हिस्सा हुन सक्छ । तर विधेयक संसद्मा दर्ता हुनुअघि नै त्यसको संवैधानिक तथा कानुनी क्षेत्राधिकार स्पष्ट रूपमा परीक्षण हुनुपर्ने हो । राज्यको समय, स्रोत र संसद्को कार्यसमय खर्च गरेर अन्ततः विधेयक फिर्ता वा निष्क्रिय हुने अवस्था दोहोरिनु राम्रो अभ्यास होइन । अर्कोतर्फ, विधेयक निर्माण प्रक्रिया आफैंमा लामो र जटिल देखिन्छ । कर्णाली प्रदेश लोकमार्गसम्बन्धी विधेयक दर्ता भएको करिब तीन वर्ष पुग्न लाग्दा पनि अन्तिम रूप लिन सकेको छैन। विषयगत समितिमा पुगेको विधेयक करिब १६ महिनापछि मात्रै प्रतिवेदनसहित सदनमा फर्किनु विधायिकी प्रक्रियाको गति कति सुस्त हुन सक्छ भन्ने उदाहरण हो । समितिहरू विधेयकको गुणस्तर सुनिश्चित गर्ने महत्वपूर्ण संयन्त्र हुन्, तर लामो समयसम्म विधेयक अल्झिने अवस्था स्वीकार्य हुन सक्दैन ।

प्रदेशसभा राजनीतिक अस्थिरताको प्रभावबाट पनि मुक्त हुन सकेको छैन । सरकार परिवर्तन, विश्वासको मत, मन्त्रिपरिषद् गठन तथा विस्तारजस्ता राजनीतिक गतिविधिले सदनको नियमित काम प्रभावित हुनु स्वाभाविक भए पनि त्यसलाई विधायिकी काम ठप्प हुने कारण बनाइनु हुँदैन । सरकारले संसद्लाई पर्याप्त 'बिजनेस' दिने र संसद्ले त्यसलाई समयमै अघि बढाउने जिम्मेवारी दुवै पक्षको हो । अब कर्णालीले कानुनको संख्या बढाउनेभन्दा आवश्यकता पहिचान, गुणस्तरीय मस्यौदा, छिटो प्रक्रिया र प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्छ । बनेका कानुन जनताको जीवनमा परिवर्तन ल्याउन सकेनन् भने ७५ को संख्या आफैंमा उपलब्धि बन्न सक्दैन । प्रदेशसभाको आगामी प्राथमिकता 'कति कानुन बनाइयो' भन्दा 'कति आवश्यक कानुन प्रभावकारी रूपमा कार्यान्वयन गरियो' भन्ने प्रश्नको उत्तर दिन सक्ने हुनुपर्छ ।

जग्गा विवादले दुई पुल अलपत्र

काँक्रेविहार संवाददाता
जुम्ला, २५ भदौ

नेपालकै प्रमुख पर्यटकीय गन्तव्य रारा ताल जाने नाम्म-गमगडी सडकअन्तर्गत निर्माणाधीन दुईवटा पक्की पुल वर्षौंदेखि अलपत्र पर्दा यात्रुले सास्ती खेप्नुपरेको छ। विभिन्न जोखिमयुक्त खोलामा निर्माण थालिएका १० वटा पक्की पुलमध्ये दुईवटा जग्गा विवादका कारण रोकिएका हुन्। सडक डिभिजन कार्यालय जुम्लाका अनुसार कालिकोटको तिलागुफा नगरपालिका र जुम्लाको हिमा गाउँपालिकाको सीमा क्षेत्रमा पर्ने बालुवा खोला तथा कनकासुन्दरी गाउँपालिका छ स्थित गुठिज्युला खोलाको पुल निर्माण प्रभावित भएको हो। बालुवा खोलामा हिमा गाउँपालिकातर्फ पुलको पिल्लर निर्माण भएको वर्षौं भइसकेको छ। काम रोकिएपछि पिल्लरमा प्रयोग भएका सरियासमेत खिया लाग्ने अवस्थामा पुगेका छन्। कालिकोटतर्फका जग्गाधनीले जग्गा उपलब्ध गराउन नमानेपछि पुल निर्माण अघि बढ्न नसकेको सडक डिभिजनले जनाएको छ। हिमा गाउँपालिकाले यात्रुको सहजताका लागि अस्थायी काठेपुल निर्माण गरेको छ। तर वर्षायाममा खोलाको बहाव बढ्दा उक्त पुलसमेत जोखिमपूर्ण हुने गरेको गाउँपालिका अध्यक्ष लक्ष्मण शाहीले बताए। उनका अनुसार विगतमा बालुवा खोलामा मोटरसाइकलसमेत बग्ने गरेका छन्। यता गुठिज्युला खोलाको पुल निर्माणका लागि केही घर हटाउनुपर्ने तथा खत्याड जाने सडक प्रभावित हुने भएपछि स्थानीयले जग्गा दिन मानेका थिएनन्।

जलवायु जोखिमदेखि न्यायसम्म :

किन चाहिन्छ वैज्ञानिक आधार ?



✍ विष्णु महर्जन
अन्जाल महत

नेपाल जलवायु परिवर्तनको गम्भीर चपेटामा परेको मुलुक हो । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान अत्यन्त न्यून भए तापनि जलवायु परिवर्तनको प्रभावका दृष्टिले यो उच्च जोखिममा छ । नेपाल सरकारले संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धिमा प्रस्तुत गरेको राष्ट्रिय निर्धारित योगदान (एनडीसी) ३.० ले पनि विगत र वर्तमानमा विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपाल नगण्य योगदानकर्ता रहेको उल्लेख गरेको छ ।

यस तथ्यले नेपालको जलवायु मुद्दालाई केवल वातावरणीय विषयमा मात्र सीमित नराखी जलवायु न्याय, विकासको अधिकार र अन्तर्राष्ट्रिय जिम्मेवारीको विषय बनाएको छ । नेपालको भौगोलिक विविधता नै जलवायु जोखिमको प्रमुख आधार हो । हिमालयदेखि चुरे, पहाड हुँदै तराईसम्मको भौगोलिक संरचनाले जलवायु परिवर्तनका प्रभावलाई फरक-फरक रूपमा अनुभूत गराउँछ ।

हिमाली क्षेत्रमा हिमनदी पग्लिने क्रम, हिमतालको विस्तार, हिमपहिरो र हिमताल विस्फोटजन्य बाढीको जोखिम बढ्दै गएको छ । पहाडी क्षेत्रमा अतिवृष्टि, पहिरो, भूक्षय, सडक तथा पुलको क्षति र खानेपानीको असुरक्षा देखिन्छ भने तराईमा बाढी, डुबान, अत्यधिक गर्मी, कृषि क्षति र जलजन्य रोगको जोखिम बढिरहेको छ । नेपालको एनडीसी ३.० ले पनि बढ्दो तापक्रम, हिमनदी पग्लिने प्रक्रिया, जैविक विविधताको क्षति, बाढी, खडेरी, पहिरो, हिमताल फुट्ने जोखिम, डढेलो र अत्यधिक गर्मीको लहरजस्ता क्रमिक रूपमा विकसित हुने चरम घटनाले जीवन, जीविकोपार्जन र पूर्वाधारमा असर पारिरहेको उल्लेख गरेको छ ।

तर, जलवायु परिवर्तनका कारण नेपालमा जोखिम बढिरहेको छ भन्नु मात्र अब पर्याप्त छैन । जलवायु न्यायको अन्तर्राष्ट्रिय बहसमा नेपालको दाबी बलियो बनाउन कति परिवर्तन भयो, कहाँ-कहाँ परिवर्तन भयो, कसलाई असर गऱ्यो, कति आर्थिक र पर्यावरणीय गैर-आर्थिक क्षति भयो अनि उक्त जोखिममा जलवायु परिवर्तनको योगदान कति छ भन्ने प्रश्नको वैज्ञानिक उत्तर आवश्यक छ ।

त्यसैले नेपालको आगामी जलवायु नीति र कूटनीतिक रणनीतिको आधार राजनीतिक वक्तव्यभन्दा बढी वैज्ञानिक तथ्याङ्क र प्रमाणमा आधारित हुनुपर्छ ।

नेपालको हिमाली क्षेत्र जलवायु परिवर्तनको वैज्ञानिक प्रमाण तयार गर्ने सबैभन्दा महत्त्वपूर्ण क्षेत्र हो । हिमनदीको क्षेत्रफल र आकारमा आएको परिवर्तन, हिउँको आवरण, हिमतालको क्षेत्रफल तथा आयतन, हिमनदीबाट निस्कने पानीको प्रवाह र हिमपहिरोको आवृत्तिलाई नियमित रूपमा मापन गर्न आवश्यक छ ।

भू-उपग्रहको तस्बिर, रिमोट सेन्सिङ, भौगोलिक सूचना प्रणाली, उचाइ मापन, ड्रोन सर्वेक्षण, स्थलगत मापन तथा स्वचालित मौसम केन्द्रबाट प्राप्त तथ्याङ्कलाई एकीकृत गरेर दीर्घकालीन हिमाली जलवायु तथ्याङ्क तयार गर्नुपर्ने देखिन्छ । यसैगरी हिमतालको जोखिमलाई पनि वैज्ञानिक रूपमा अभिलेखीकरण गर्नु जरुरी छ ।

कुन हिमताल कति विस्तार भइरहेको छ, त्यसको बाँध कति कमजोर छ र सम्भावित हिमपहिरो गएमा तल्लो तटीय क्षेत्रका कति जनसङ्ख्या, बस्ती, सडक, पुल, जलविद्युत् आयोजनालगायत पूर्वाधार प्रभावित हुन सक्छन् भन्ने जानकारी भौगोलिक सूचना प्रणालीमा आधारित जोखिम नक्सामा राखिनुपर्छ । यस्तो प्रणालीले विपद् व्यवस्थापनमा मात्र सहयोग गर्दैन, भविष्यमा नेपालले अन्तर्राष्ट्रिय मञ्चमा क्षति तथा नोक्सानी (लस एन्ड ड्यामेज) वित्त माग्दा ठोस वैज्ञानिक प्रमाणसमेत उपलब्ध गराउँछ । नेपालमा बाढी र पहिरोका घटनालाई पनि जलवायु परिवर्तनसँग जोडेर वैज्ञानिक अध्ययन गर्नुपर्ने आवश्यकता छ । कुनै एउटा बाढी वा पहिरो आयो भन्दैमा त्यसलाई स्वतः जलवायु परिवर्तनको परिणाम मान्नु वैज्ञानिक रूपमा उचित हुँदैन । त्यसका लागि जलवायु परिवर्तनजन्य कारण-निर्धारणसम्बन्धी (एट्रिब्युसन साइन्स) विज्ञानको आवश्यकता पर्छ । ऐतिहासिक वर्षा र तापक्रमको तथ्याङ्क, भू-उपग्रह अवलोकन, जलवायु मोडल, पुनर्विश्लेषण तथ्याङ्क तथा सम्भाव्यता विश्लेषणको प्रयोग गरेर कुनै चरम घटना जलवायु परिवर्तनका कारण कति सम्भावित वा तीव्र भएको हो भन्ने अध्ययन गर्नुपर्छ ।

यसरी नेपालले 'हामी जलवायु परिवर्तनबाट प्रभावित छौं' भन्ने सामान्य दाबीबाट अगाडि बढेर ' फलानो क्षेत्रमा यति वर्षमा तापक्रम यति बढ्यो, अतिवृष्टिको आवृत्ति वा तीव्रता यति परिवर्तन भयो, त्यसबाट यति जनसङ्ख्या र यति पूर्वाधार प्रभावित भए अनि त्यसको आर्थिक क्षति यति भयो' भन्ने प्रमाण प्रस्तुत गर्न सक्नुपर्छ । यही प्रमाण जलवायु न्यायको बलियो वैज्ञानिक आधार बन्न सक्छ ।

जलवायु न्यायको अर्को महत्त्वपूर्ण आधार हरितगृह ग्यास उत्सर्जनको जिम्मेवारी र जलवायु जोखिम-संवेदनशीलताको विश्वव्यापी तुलना हो । वर्तमान वर्षको उत्सर्जन मात्र हेरेर कुनै देशको जलवायु जिम्मेवारी निर्धारण गर्न मिल्दैन । ऐतिहासिक उत्सर्जन, सञ्चयी उत्सर्जन, प्रतिव्यक्ति उत्सर्जन र सम्भव भएसम्म उपभोगमा आधारित उत्सर्जनलाई समेत विचार गर्नुपर्छ । नेपालले विश्वका देशहरूको दीर्घकालीन हरितगृह ग्यास (जीएचजी) उत्सर्जनलाई जलवायु संवेदनशीलतासँग तुलना गर्ने वैज्ञानिक तथ्याङ्क भण्डार (डाटाबेस) तयार गर्नुपर्छ । यस्तो तथ्याङ्क भण्डारमा प्रत्येक देशको सञ्चयी हरितगृह ग्यास उत्सर्जन, विश्वव्यापी उत्सर्जनमा हिस्सा, प्रतिव्यक्ति उत्सर्जन, जनसङ्ख्या, जलवायु जोखिम-संवेदनशीलता, जोखिममा पर्ने अवस्था, अनुकूलन क्षमता र क्षति तथा नोक्सानीलाई समेट्न सक्नुपर्छ ।

यसबाट विश्वका देशहरूलाई उच्च जिम्मेवारी-उच्च जोखिम, उच्च जिम्मेवारी-कम जोखिम, न्यून जिम्मेवारी-उच्च जोखिम र न्यून जिम्मेवारी-कम जोखिमको समूहमा विश्लेषण गर्न सकिन्छ। न्यून हरितगृह ग्यास जिम्मेवारी तर उच्च जलवायु संवेदनशीलता भएका देशहरूको समूह नेपालको जलवायु न्यायको दाबीका लागि विशेष रूपमा महत्त्वपूर्ण हुन सक्छ ।

नेपालले यही अवधारणालाई आफ्नो अन्तर्राष्ट्रिय जलवायु कूटनीतिको मुख्य वैज्ञानिक आधार बनाउन सक्छ । नेपालको एनडीसी ३.० ले पनि जलवायु परिवर्तनबाट उत्पन्न सबै जोखिमलाई अनुकूलनबाट मात्र पूर्ण रूपमा रोक्न नसकिने र बाँकी रहने जोखिमबाट हुने क्षति तथा नोक्सानी सम्बोधन गर्न अन्तर्राष्ट्रिय वित्त आवश्यक पर्ने कुरा स्पष्ट गरेको छ ।

कोपमा प्रमाणमा आधारित तथ्य राखौं

जलवायु न्यायको अन्तर्राष्ट्रिय बहसलाई कोप प्रक्रियाबाट अलग गरेर हेर्न सकिँदैन । कोप नै यूएनएफसीसीसी अन्तर्गत विश्वका देशहरूले उत्सर्जन न्यूनीकरण, अनुकूलन, जलवायु वित्त, प्रविधि हस्तान्तरण र क्षति तथा नोक्सानीजस्ता विषयमा निर्णय तथा वार्ता गर्ने प्रमुख अन्तर्राष्ट्रिय मञ्च हो । कोप-२८ पछि क्षति तथा नोक्सानी कोषलाई संस्थागत रूपमा अघि बढाउने महत्त्वपूर्ण प्रक्रिया सुरु भएको हो ।

बाकुमा सम्पन्न कोप-२९ मा जलवायु वित्तको नयाँ सामूहिक परिमाणात्मक लक्ष्य, क्षति तथा नोक्सानी कोषसम्बन्धी व्यवस्था, अनुकूलन तथा अन्य वित्तीय विषयमा महत्त्वपूर्ण निर्णयहरू भएका थिए । यूएनएफसीसीसीका अनुसार कोप-२९ ले विकासशील देशहरूको जलवायु कार्यका लागि सन् २०३५ सम्म वार्षिक कम्तीमा ३०० अर्ब अमेरिकी डलर पुऱ्याउने नयाँ जलवायु वित्त लक्ष्य तय गरेको छ ।

नेपालले यी अन्तर्राष्ट्रिय निर्णयलाई केवल स्वागत मात्र गर्ने होइन, आफ्नो राष्ट्रिय आवश्यकता र वैज्ञानिक प्रमाणसँग जोडेर पस्कन सक्नुपर्छ । कोप-२९ मा नेपालको आधिकारिक वक्तव्यले पनि क्षति तथा नोक्सानी कोषको प्रभावकारी कार्यान्वयन, जलवायु वित्त, प्रविधि हस्तान्तरण र क्षमता विकासको आवश्यकतालाई उठान गरेको थियो ।

नेपालले जलवायु वित्त अनुदानका रूपमा उपलब्ध गराउनुपर्ने तथा हिमाली र जैविक प्रणाली संरक्षणमा योगदान गर्ने देशलाई न्यायपूर्ण सहयोग आवश्यक रहेको धारणा राखेको थियो । त्यसपछि ब्राजिलको बेलेममा सन् २०२५ मा सम्पन्न कोप-३० सम्मेलनले पनि जलवायु वित्त, अनुकूलन तथा क्षति र नोक्सानीसम्बन्धी प्रक्रियालाई निरन्तरता दिएको छ ।

कोप-३० का आधिकारिक निर्णयहरूमा क्षति तथा नोक्सानी कोष, राष्ट्रिय अनुकूलन योजना, जलवायु वित्त तथा लैङ्गिक कार्ययोजनालगायतका विषय समेटिएका छन् । यस अन्तर्राष्ट्रिय प्रक्रियाबाट नेपालले एउटा महत्त्वपूर्ण पाठ सिक्नुपर्छ- कोपमा प्रभावकारी आवाज उठाउन राजनीतिक भाषणले मात्र पुग्दैन, राष्ट्रिय प्रमाण प्रणाली आवश्यक हुन्छ ।

यदि नेपालले हिमनदी परिवर्तन, हिमताल जोखिम, अतिवृष्टि, बाढी, पहिरो, कृषि क्षति, जलविद्युत् क्षति, स्वास्थ्यमा परेको प्रभाव र गैर-आर्थिक क्षतिको विश्वसनीय तथ्याङ्क भण्डार तयार गर्न सक्यो भने अन्तर्राष्ट्रिय मञ्चमा हाम्रो वार्ता क्षमता उल्लेखनीय रूपमा बलियो हुनेछ ।

नेपालको जलवायु न्यायको केन्द्रमा के हुने ?

जलवायु न्यायको सन्दर्भमा जलवायु परिवर्तनसँग सम्बन्धित क्षतिलाई केवल भौतिक सम्पत्तिको नोक्सानीमा मात्र सीमित गर्न मिल्दैन । घर, सडक, पुल, कृषि, जलविद्युत् र पर्यटनमा भएको क्षतिलाई आर्थिक रूपमा मापन गर्न सकिन्छ । तर, मानव जीवन, सांस्कृतिक सम्पदा, धार्मिक स्थल, परम्परागत ज्ञान, जैविक विविधता, पारिस्थितिक प्रणाली, मानसिक स्वास्थ्य, सामाजिक सम्बन्ध र स्थानसँगको सांस्कृतिक सम्बन्धमा भएको क्षति पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

नेपालको एनडीसी ३.० ले आर्थिक तथा गैर-आर्थिक क्षति र नोक्सानीको तथ्याङ्क सङ्कलन, व्यवस्थापन, अभिलेखीकरण, साझेदारी र प्रतिवेदनका लागि सङ्घीय रूपमा एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली स्थापना गर्ने लक्ष्य राखेको छ । यसले जलवायुजन्य कारण-निर्धारण एवं वर्तमान तथा भविष्यको आर्थिक र गैर-आर्थिक क्षति तथा नोक्सानीको अध्ययन, पारिस्थितिक प्रणाली र जैविक विविधताको ह्रास, विस्थापन तथा जीविकोपार्जनमा पर्ने प्रभावजस्ता विषयलाई समेत समेटेको छ ।

यसका आधारमा नेपालले राष्ट्रिय जलवायु क्षति तथा नोक्सानी तथ्याङ्क भण्डार स्थापना गर्न सक्छ । प्रत्येक घटना भएको स्थान, मिति, जोखिमको प्रकार, मौसमी अवस्था, प्रभावित जनसङ्ख्या, मृत्यु, विस्थापन, कृषि तथा पूर्वाधारमा भएको क्षति, पुनर्निर्माण लागत, जीविकोपार्जनमा परेको असर, जैविक विविधताको क्षति, सांस्कृतिक क्षति र सामाजिक प्रभावलाई एउटै प्रणालीमा अभिलेखीकरण गर्नुपर्छ ।

यस्तो तथ्याङ्क भण्डारलाई भौगोलिक सूचना प्रणालीमा स्थानिकीकृत गरेर नेपालको जलवायु क्षति तथा नोक्सानी नक्सा-सङ्ग्रहसमेत तयार गर्नुपर्छ । यसले कुन जिल्ला वा स्थानीय तहमा कति जलवायुजन्य जोखिम र क्षति भएको छ भन्ने स्पष्ट देखाउनेछ । भविष्यमा अन्तर्राष्ट्रिय जलवायु वित्तको दाबी गर्दा यस्ता नक्सा र तथ्याङ्क भण्डार अत्यन्त प्रभावकारी प्रमाण बन्न सक्छन् ।

पहिल्याउनुपर्ने वैज्ञानिक रणनीति

नेपालले जलवायु न्याय प्राप्त गर्न सबैभन्दा पहिले राष्ट्रिय जलवायु प्रमाण प्रणाली स्थापना गर्नुपर्छ । यसमा जलवायु, हिमनदी, हिमताल, नदी, वर्षा, तापक्रम, बाढी, पहिरो, कृषि, वन, जैविक विविधता, स्वास्थ्य, पूर्वाधार, जनसंख्या र विपद् क्षतिको तथ्याङ्कलाई एकीकृत गरिनुपर्छ । दोस्रो, नेपालले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जन जिम्मेवारी तथ्याङ्क भण्डार तयार गर्नुपर्छ । यसमा विश्वका अन्य देशको ऐतिहासिक तथा वर्तमान उत्सर्जन, सञ्चित उत्सर्जन, प्रतिव्यक्ति उत्सर्जन र नेपालको तुलनात्मक अवस्था देखाउनुपर्छ । यसले 'कसले कति उत्सर्जन गऱ्यो?' भन्ने प्रश्नको वैज्ञानिक उत्तर दिनेछ । तेस्रो, राष्ट्रिय जलवायु जोखिम-संवेदनशीलता सूचकाङ्क निर्माण गर्नुपर्छ । यसमा जोखिममा पर्ने अवस्था, संवेदनशीलता र अनुकूलन क्षमता मात्र होइन, गरिबी, कृषिमाथिको निर्भरता, पूर्वाधार, स्वास्थ्य, खानेपानी, जैविक विविधता, जनसंख्या र स्थानीय अनुकूलन क्षमतालाई समेत समेट्नुपर्छ ।

चौथो, राष्ट्रिय क्षति तथा नोक्सानी लेखाङ्कन प्रणाली आवश्यक छ । हरेक जलवायुजन्य घटनाबाट भएको आर्थिक तथा गैर-आर्थिक क्षतिको नियमित मूल्याङ्कन हुनुपर्छ । यसमा सङ्घीय सरकारको मात्र होइन, प्रदेश र स्थानीय तहको तथ्याङ्कसमेत समेटिनुपर्छ ।

पाँचौं, नेपालमा जलवायु कारण-निर्धारण (क्लाइमेट एट्रिब्युसन) अनुसन्धान केन्द्र स्थापना गर्नुपर्छ । विश्वविद्यालय, सरकारी निकाय, अनुसन्धान संस्था र अन्तर्राष्ट्रिय वैज्ञानिक संस्थाबीच सहकार्य गरेर चरम वर्षा, तापक्रम वृद्धि, हिमनदीमा आएको परिवर्तन, हिमताल विस्फोट, बाढी र पहिरोमा जलवायु परिवर्तनको योगदानबारे वैज्ञानिक अध्ययन गर्न सकिन्छ ।

किशोरीलाई एचपीभी खोप प्रदान



काँक्रेविहार संवाददाता
सल्यान, २५ भदौ

सल्यानमा पाठेघरको मुखको क्यान्सरविरुद्ध किशोरीलाई एचपीभी (ह्युमन प्यापिलोमा भाइरस) खोप लगाउने अभियान सुरु भएको छ।

जिल्लाका १० वटै स्थानीय तहमा दुई सयभन्दा बढी खोप केन्द्रमार्फत बुधबारदेखि अभियान सञ्चालन गरिएको हो। अभियान शुक्रबारसम्म चल्नेछ। स्वास्थ्य सेवा कार्यालय सल्यानका अनुसार यस वर्ष जिल्लामा दुई हजार तीन सय ६७ जना किशोरीलाई एचपीभी खोप दिने लक्ष्य राखिएको छ।

जनस्वास्थ्य अधिकृत तथा खोप कार्यक्रम अधिकृत तारा रिजालका अनुसार कक्षा ६ मा अध्ययनरत एक सय ४९ विद्यालयका दुई हजार दुई सय ७० जना र विद्यालय नजाने १० वर्ष उमेरका ९७ जना किशोरीलाई खोप दिइनेछ।

स्थानीय तहअनुसार बागचौर नगरपालिकामा तीन सय ४४, बनगाड कुपिण्डेमा तीन सय २९, त्रिवेणीमा तीन सय १४, शारदामा तीन सय ११, दार्मामा दई सय १८, कपुरकोटमा एक सय ८५, कुमाखमा एक सय ७९, कालीमाटीमा एक सय ६३, छत्रेश्वरीमा एक सय ५४ र सिद्धकुमाखमा एक सय ३० जना किशोरीलाई खोप दिने लक्ष्य छ।

लक्षित सर्‍याका साथै खोप खेर जाने सम्भावित दरलाई ध्यानमा राखेर जिल्लाभर दुई हजार ६ सय १८ भायल खोप व्यवस्थापन गरिएको रिजालले बताए। संघबाट प्रदेश हुँदै जिल्ला र स्थानीय तहमा खोप पठाइएको हो।

गत वर्ष सल्यानमा दुई हजार तीन सय ७६ जना किशोरीले एचपीभी खोप लगाएका थिए।

स्थानीय तहबाट यस वर्ष नौ हजारभन्दा बढीको अनुमानित विवरण आए पनि लक्षित उमेर समूहका आधारमा खोप कार्यक्रम सञ्चालन गरिएको कार्यालयले जनाएको छ। एचपीभी संक्रमण पाठेघरको मुखको क्यान्सरको प्रमुख कारणमध्ये एक मानिन्छ।

संक्रमण हुनुअघि किशोरी अवस्थामा खोप लगाउँदा भविष्यमा क्यान्सरको जोखिम उल्लेख्य रूपमा घटाउन सकिने स्वास्थ्यकर्मीहरूको भनाइ छ। विद्यालयमा अध्ययनरत किशोरीलाई विद्यालयमै र विद्यालय नजानेलाई स्वास्थ्य संस्थामार्फत खोप दिने व्यवस्था गरिएको छ।

बिरामीको चाप बढ्यो, विशेषज्ञ चिकित्सक अभाव

काँक्रेविहार संवाददाता
डोल्पा, २५ भदौ

हिमाली जिल्ला डोल्पाको जिल्ला अस्पतालमा उपचारका लागि आउने बिरामीको संख्या बढ्दै गए पनि विशेषज्ञ चिकित्सकको अभाव भने हट्न सकेको छैन। आर्थिक वर्ष २०८२/८३ मा मात्रै अस्पतालबाट १५ हजार नौ सय ७८ जनाले बहिरंग सेवा (ओपीडी) लिएका छन्।

अस्पतालको तथ्यांकअनुसार सो अवधिमा आठ सय ६१ जनाले आकस्मिक, पाँच हजार ७९ जनाले ल्याब, चार सय ४६ जनाले ईसीजी, ६१ जनाले मुटुको इको, एक हजार आठ सय ३८ जनाले भिडियो एक्सरे र दुई हजार ६ सय ५८ जनाले एक्सरे सेवा लिएका



छन्। यस्तै, सात सय आठ जना भर्ना भएर उपचार गराएका छन्। सुत्केरी सेवामा पनि अस्पतालमा चाप बढ्दो छ। एक वर्षमा एक सय ५६ जनाले प्रसूति सेवा लिएका छन्। तीमध्ये एक सय २६ जनाको सामान्य र ३० जनाको शल्यक्रियामार्फत सुत्केरी गराइएको अस्पतालले जनाएको छ।

४० नवजात शिशुले एसएनसीयू तथा पाँच सय सात बालबालिकाले खोप सेवा लिएका छन्।

अस्पतालका अहेब तथा मेडिकल रेकर्डर कर्णबहादुर बुढाका अनुसार ३६ जनाले हर्निया, एपेन्डिक्स र लाइपोमाल गायतका मेजर सर्जिकल सेवा तथा दुई सय चार जनाले मध्यम खालका सर्जिकल सेवा लिएका छन्। तर, जटिल प्रकृतिका बिरामीलाई भने जिल्ला बाहिर रेफर गर्नुपर्ने बाध्यता छ। गत आर्थिक वर्षमा दुई सय तीन जना बिरामी थप उपचारका लागि बाहिर पठाइएका छन्। हड्डी भाँचिएका, ब्रेन हेमोरेज, जटिल पेटसम्बन्धी समस्या, पत्थरी, मुटुरोग तथा एनआईसीयू आवश्यक पर्ने नवजात शिशु बढी रेफर हुने गरेका छन्। अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कमलबहादुर शाहीले विशेषज्ञ चिकित्सक नहुँदा सेवा प्रवाहमा समस्या भइरहेको बताए। अहिले अस्पतालमा आठौँ तहका तीन जना चिकित्सक कार्यरत छन्। डोल्पामा कम्तीमा एक जना नवौँ तहका विशेषज्ञ चिकित्सक आवश्यक रहेको स्वास्थ्यकर्मीको भनाइ छ। भौतिक पूर्वाधार र उपकरण विस्तार भए पनि दक्ष जनशक्तिको अभावका कारण डोल्पाका नागरिकले जटिल उपचारका लागि नेपालगञ्ज, सुर्खेत वा काठमाडौं पुग्नुपर्ने बाध्यता कायमै छ।

चार...

आफ्नो पक्षमा फैसला भइसकेको र त्यसविरुद्धको पुनरावलोकनसमेत अघि नबढेको अवस्थामा पुरानो विवाद फेरि उठाएर नक्सापास रोकिएको भन्दै असन्तुष्ट छन्। उनका अनुसार उच्च अदालतको आदेशपछि आफ्नो घरको नक्सापास रोकिएपछि आफू सर्वोच्च अदालत पुगेका थिए। सर्वोच्चबाट आफ्नो पक्षमा फैसला भएपछि आवश्यक कागजातसहित नगरपालिका पुगेको र नक्सापासको प्रक्रिया अघि बढाउन खोजिएको उनले बताएका छन्। तर नगरपालिकाले फाइल नगर विकास समितिमा पठाएपछि फेरि समस्या आएको भण्डारी बताउँछन् अदालतमा आफूहरुको पक्षमा फैसला भइसकेको विषयलाई पुनः उठाएर दुःख दिइएको उनले आरोप लगाएका छन्। भण्डारीले यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत उजुरी दिएको बताएका छन्।

'अदालतमा गएर हामीले जितिसकेको कुरा हो,' उनले भने, 'सर्वोच्चको फैसला आएपछि नक्सापासका लागि नगरपालिका गएका हौं, तर फेरि पुरानै कुरा उठाएर हामीलाई दुःख दिइयो।' उनका अनुसार अहिले पनि आफ्नो नक्सापाससम्बन्धी फाइल नगर विकास समितिमा पुगेको छ र समितिको निर्णयका कारण प्रक्रिया रोकिएको छ।

भण्डारी भने अदालतबाट विवाद टुंगिसकेको अवस्थामा फेरि पुरानै विषय उठाएर आफ्नो नक्सापास प्रक्रिया रोकिएको भन्दै असन्तुष्ट छन्। उनका अनुसार उच्च अदालतको आदेशपछि नक्सापास रोकिएको विषयमा सर्वोच्च अदालत पुगेका उनले त्यहाँबाट आफ्नो पक्षमा फैसला पाए। त्यसपछि आवश्यक कागजातसहित नगरपालिकामा नक्सापासका लागि प्रक्रिया अघि बढाउन पुगे पनि फाइल नगर विकास समितिमा पठाइएको उनको भनाइ छ। भण्डारीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत उजुरी दिएको र अख्तियारले काम अघि बढाउन पत्राचार गर्दासमेत आफ्नो फाइल रोकिएको दाबी गरे। नगर विकास समितिले जग्गा बढी भएको भन्दै दाबी गर्दैमा आफ्नो जग्गा लिन नमिल्ने उनको तर्क छ।

'जिल्ला अदालतले छ महिनाभित्र जग्गाको विवाद मिलाउनु भनेर अन्तरिम आदेश दिएपछि हाम्रो नक्सापासको काम रोकियो। हामी सर्वोच्च गयौं। सर्वोच्चले घर घडेरी सबै मेरै हो भनेर जितायो। अनि हामी सबै कागजात लिएर। सर्वोच्च अदालतले चिठी पनि काटिदियो नगरपालिकालाई कि घरको नक्सा पास गरेर अन्य प्रक्रिया अगाडी बढाउने भनेर,' भण्डारीले भने, 'त्यतिबेला देवकुमार सुवेदी मेयर हुनुहुन्थ्यो। नारायण सापकोटाले जग्गा बढी छ भनेर मुद्दा हालेपछि नगर विकास समितिलाई पठाइयो। अदालतबाट जितिसकेपछि हामीलाई झुलाईयो। अख्तियारमा पुगेर अख्तियारले पनि तुरुन्त यो काम गर भनेर चिठी काट्दा पनि नगरपालिकाले फाइल अड्काइरहेको छ। नगर विकास समितिले जग्गा बढी छ भनेपछि उसले त्यो जग्गा खान पाउने हो र पाइँदैन नि। फिर्ता लिन त अदालत जानपर्‍यो। यसरी हामीलाई झुलाउन भएन।'

नगरपालिकाले नगर विकास समितिमा पठाएको फाइलमा जग्गाधनी प्रमाणपूर्जा, जग्गाको नक्सा, घरको नक्सा, नक्सापासका लागि दिइएको निवेदन, अदालतका फैसला तथा आदेश, नगर विकास समितिका पुराना पत्राचारलगायतका कागजात समावेश छन्। पुराना कागजातमा सावित्रि कित्ता नम्बर १४९ र १५२ सम्बन्धी विवाद, त्यसपछि कायम भएका कित्ता नम्बर ४०४६ र ४०४७ तथा निर्माण स्वीकृति रोक्न गरिएको पत्राचारसमेत समावेश छन्।

नगरपालिकाले २०७५ जेठ २१ गते नगर विकास समितिलाई पुरानो विवादका विषयमा भएका कामकारबाही, विवाद समाधानका लागि गरिएका प्रक्रिया तथा त्यससम्बन्धी राय मागेको कागजातमा देखिन्छ। नगर विकास समितिले त्यसको जवाफमा विवाद समाधान नभएको भन्दै निर्माण स्वीकृतिको विषयमा नियमानुसार गर्न नगरपालिकालाई आग्रह गरेको थियो।

त्यसपछि विवाद अदालत हुँदै सर्वोच्चसम्म पुगेको हो। सर्वोच्च अदालतले २०८० फागुन २० गते पुनरावेदन अदालतको फैसला उल्टाएपछि र त्यसविरुद्धको पुनरावलोकनलाई समेत अनुमति नदिएपछि होमराज पक्षले फैसला कार्यान्वयनका लागि प्रक्रिया अघि बढाएको हो।

जिल्ला अदालतले फैसला कार्यान्वयनका लागि नगरपालिकालाई पत्राचार गरेपछि नगरपालिकाले नक्सापासको सक्कल फाइल नगर विकास समितिमा पठाएको छ।

अपांगता भएका नागरिकलाई सहायता सामग्री वितरण



काँक्रेविहार संवाददाता
दैलेख, २५ भदौ

डुङ्गेश्वर गाउँपालिका दुईले अपांगता भएका व्यक्तिहरूको दैनिक जीवन सहज बनाउन विभिन्न सहायता सामग्री वितरण गरेको छ।

आवतजावत तथा दैनिक गतिविधिमा कठिनाइ भोगिरहेका नागरिकलाई लक्षित गरी वडाले ह्विलचियर, बैसाखी र सेतो छडी वितरण गरेको हो।

अपांगता भएका व्यक्तिहरूको आवश्यकता र अवस्थाका आधारमा सामग्री छनोट गरी वितरण गरिएको वडाध्यक्ष यमबहादुर बिष्टले जानकारी दिए। उनका अनुसार सहायक सामग्रीको अभावमा हिँडडुल गर्न तथा दैनिक कामकाज गर्न समस्या भइरहेका व्यक्तिहरूलाई प्राथमिकतामा राखेर सामग्री उपलब्ध गराइएको हो।

वडाध्यक्ष बिष्टले अपांगता भएका नागरिक समाजका अभिन्न सदस्य भएकाले उनीहरूको अधिकार, सम्मान र आवश्यकतालाई स्थानीय सरकारले प्राथमिकतामा राख्नुपर्ने बताए।

अपांगता भएका व्यक्तिहरूलाई दैनिक जीवनयापनमा सहज हुने गरी आवश्यक सहयोग र सेवा उपलब्ध गराउन वडा कार्यालयले आगामी दिनमा पनि निरन्तर पहल गर्ने उनको भनाइ छ। सहायता सामग्री पाएपछि अपांगता भएका व्यक्तिहरूको आवतजावत तथा दैनिक क्रियाकलापमा सहजता आउने अपेक्षा गरिएको छ। हिँडडुल गर्न कठिनाइ भएका व्यक्तिका लागि ह्विलचियर, शारीरिक रूपमा हिँड्न समस्या भएकाहरूका लागि बैसाखी र दृष्टिसम्बन्धी अपांगता भएका व्यक्तिका लागि सेतो छडी उपयोगी हुने वडाध्यक्ष बिष्टले बताए। वडाले आगामी दिनमा पनि अपांगता भएका नागरिकको वास्तविक आवश्यकता पहिचान गरी आवश्यकता अनुसार सहायता सामग्री तथा सेवा उपलब्ध गराउने जनाएको छ। साथै शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा र पहुँचयुक्त पूर्वाधारमा अपांगता भएका व्यक्तिहरूको समान पहुँच सुनिश्चित गर्न स्थानीय तहले थप प्राथमिकताका साथ काम गर्नुपर्नेमा समेत जोड दिइएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

रसुवा...

२३० मानिस प्रभावित भएका छन् । किस्पाङ गाउँपालिका-५ प्रभावित भएको छ । बाढीका कारण क्षतिग्रस्त यहाँका ९०६ भवनका ९३९ घरधुरीमा रहेका तीन हजार ३८२ मानिस प्रभावित भएका छन् । तारकेश्वर गाउँपालिका-२ र ४ प्रभावित भएका छन् । बाढीका कारण क्षतिग्रस्त यहाँका १७८ भवनका १८५ घरधुरीमा रहेका ६६५ मानिस प्रभावित भएका छन् ।

धादिङ

धादिङ जिल्लामा चार स्थानीय तहका १९ वटा वडा प्रभावित भएका छन् । बेनीघाट रोराङ गाउँपालिका-३, ५, ७, ९ र १० प्रभावित भएका छन् । बाढीका कारण अनुमानित एक हजार ७२३ भवन क्षति भएको करिडोर तथा बफर क्षेत्रमा पर्छन् । जसमा रहेका एक हजार ९०५ घरधुरीमा आठ हजार ६८ मानिस प्रभावित भएका छन् । गजुरी गाउँपालिका-१, २, ५ र ६ प्रभावित भएका छन् । बाढीका कारण क्षति पुगेको करिडोर तथा बफर क्षेत्रमा ३५३ भवन, ३९६ घरधुरी र एक हजार ५८९ मानिस छन् । गल्छी गाउँपालिका-१, २, ४, ६ र ८ प्रभावित भएका छन् । बाढीका कारण क्षति पुगेको क्षेत्रमा ७६६ भवन, ८४० घरधुरी र तीन हजार ३६३ मानिस छन् । सिद्धलेक गाउँपालिका-३, ४, ६ र ७ प्रभावित भएका छन् । क्षति पुगेको क्षेत्रमा अनुमानित ७५८ भवन, ७८१ घरधुरी र तीन हजार १७० मानिस छन् ।

गोरखा

गोरखाका दुई स्थानीय तहका १० वटा वडा प्रभावित भएका छन् । गण्डकी गाउँपालिका-१, २, ६, ७ र ८ प्रभावित भएका छन् । यहाँका क्षति पुगेको क्षेत्रमा ५९३ भवन, ६१७ घरधुरी र दुई हजार ४७८ मानिस छन् ।

सहिद लखन

गाउँपालिका-३ र ४ प्रभावित भएका छन् । क्षति पुगेको क्षेत्रमा १३८ भवन, १४६ घरधुरी र ५५१ मानिस छन् ।

चितवन

चितवनमा इच्छाकामना गाउँपालिका-३, ४, ५ र ६ प्रभावित भएका छन् । बाढीका कारण क्षति पुगेको करिडोर तथा बफर क्षेत्रभित्र अनुमानित ७९६ भवन छन् । जसमा ९१० घरधुरी र चार हजार ९० मानिस प्रभावित भएका छन् ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०५/२६

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री यात्रा कुमारी नेपाली** धनी रहेको, **दर्ता नम्बर** १३७८/०६७/०६८ बाट **सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री प्रशान्त हाइ भिजन हल** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०५/२६

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री एलिसा राई** धनी रहेको, **दर्ता नम्बर** ९३५३/०७८/०७९ बाट **वीरेन्द्रनगर-२ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री बोहरा कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०५/२६

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री बखत बहादुर बुढा** धनी रहेको, **दर्ता नम्बर** ९४१८/०७८/०७९ बाट **वीरेन्द्रनगर-१० सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री लोक प्रिय होटल रेष्टुरेण्ट एण्ड लज** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

२५ औँ वार्षिक साधारण सभा हुने सम्बन्धी सूचना !

उपरोक्त सम्बन्धमा यस वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सुर्खेतको मिति २०८३-०५-०६ गतेको सञ्चालक समितिको बैठकले संस्थाको विनियम, २०७९ को दफा २८(१) बमोजिम संस्थाको २५औँ वार्षिक साधारण सभा एकाइगत रूपमा तपसिलको मिति, समय र स्थानमा समान कार्यसूची र समय तालिका अनुसार हुने भएकाले तोकिएको मिति, समय र स्थानमा आफु आवद्ध सेवा केन्द्रका स्थानहरुमा अनिवार्य उपस्थिति भैईदिनहुन सम्पूर्ण सदस्यज्यूहरुमा हार्दिक अनुरोध गर्दछौं ।

तपसिल (साधारण सभाको कार्यतालिका)

क्र.सं.	एकाई	सेवा केन्द्रको नाम	मिति	समय	स्थान
१.	१ नं एकाई	गुटु र अभ्यूदय सेवा केन्द्र	२०८३ असोज २४ गते	बिहान ११ बजे देखि अपराह्न ४ बजेसम्म	अभ्यूदय सेवा केन्द्र
२.	२ नं एकाई	बडिचौर सेवा केन्द्र	२०८३ असोज २४ गते	बिहान ११ बजे देखि अपराह्न ४ बजेसम्म	बडिचौर सेवा केन्द्र
३.	३ नं एकाई	मालिका सेवा केन्द्र	२०८३ असोज २४ गते	बिहान ११ बजे देखि अपराह्न ४ बजेसम्म	मालिका सेवा केन्द्र
४.	४ नं एकाई	राकम सेवा केन्द्र	२०८३ असोज २४ गते	बिहान ११ बजे देखि अपराह्न ४ बजेसम्म	राकम सेवा केन्द्र
५.	५ नं एकाई	मेहेलकुना सेवा केन्द्र	२०८३ असोज २४ गते	बिहान ११ बजे देखि अपराह्न ४ बजेसम्म	मेहेलकुना सेवा केन्द्र
६.	६ नं एकाई	जहरे र छिन्चु सेवा केन्द्र	२०८३ असोज २४ गते	बिहान ११ बजे देखि अपराह्न ४ बजेसम्म	छिन्चु सेवा केन्द्र
७.	७ नं एकाई	वीनपा भित्रका ५ सेवा केन्द्र	२०८३ असोज २५ गते	बिहान ११ बजे देखि अपराह्न ४ बजेसम्म	वीरेन्द्रनगर सिटिहल
८.	एकाई प्रतिनिधिहरुको निर्णय प्रमाणित सभा		२०८३ असोज २८ गते	बिहान ११ बजे देखि अपराह्न ४ बजेसम्म	मुख्य कार्यालय

२५औं वार्षिक साधारण सभाको कार्यसूची

१. साधारण सभाको गणपूरक संख्या सम्बन्धमा ।
२. सञ्चालक समितिका निर्णयहरू अनुमोदन सम्बन्धमा ।
३. संस्थाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन तथा आय व्याय सम्बन्धी आर्थिक प्रगति प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा।
४. संस्थाको आर्थिक वर्ष २०८३/०८४ को लागि नीति तथा कार्यक्रम र प्रस्तावित बजेट पारित गर्ने सम्बन्धमा ।
५. संस्थाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक लेखापरीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
६. संस्थाको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
७. आर्थिक वर्ष २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
८. संस्थाको संशोधित विनियम २०७९ पारित गर्ने सम्बन्धमा ।
९. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा।
१०. शेयर लाभांस र संरक्षित पूँजी फिर्ताकोष वितरण सम्बन्धमा ।
११. संस्था एकिकरण गर्ने सम्बन्धमा ।
१२. संस्थाका संशोधित आन्तरिक कार्यविधिहरू पारित गर्ने सम्बन्धमा ।
१३. संस्थाको बाह्य दायित्व स्वीकार गर्ने सम्बन्धमा ।
१४. संस्थाको नाममा जग्गा खरिद गर्ने सम्बन्धमा ।
१५. सदस्यहरूको ब्याज हर्जाना छुट दायित्व अनुमोदन गर्ने सम्बन्धमा ।
१६. संस्थामा रहेका स्थिर सम्पत्ति र अन्य सम्पत्तिहरूको खर्च लेखाङ्कन अनुमोदन गर्ने सम्बन्धमा।
१७. साधारण सभाका निर्णय पुस्तिका प्रमाणित गर्नका लागि प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
१८. भाखा नाघेको ऋणको धितो लिलाम गर्ने अख्तियारी सञ्चालक समितिलाई दिने सम्बन्धमा ।
१९. सदस्यहरूबाट प्राप्त सुझाव सम्बन्धमा ।
२०. विविध सम्बन्धमा ।

पुनश्च:

(१) संस्थाको साधारणसभामा सदस्य बाहेक निजका नातेदार वा प्रतिनिधिले भाग लिन पाउने छैनन् ।

(२) साधारण सभामा भाग लिन आउने सदस्यको कुनै छुट्टै प्रस्ताव वा सुझाव भए २०८३-०६-२० गते भित्र संस्थाको पायक पर्ने सेवा केन्द्र कार्यालयमा दर्ता वा birendranagar.sacoss@gmail.com मा ईमेल गरि दिनहुन अनुरोध छ ।

उपरोक्त सम्बन्धमा यस वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड को सञ्चालक समिति एकजना अध्यक्ष, एकजना उपाध्यक्ष, एक जना सचिव, एकजना कोषाध्यक्ष र बाँकी पाँच जना सदस्यहरू समेत ९ जना र एकजना संयोजक दुईजना सदस्य समेत ३ जना लेखा सुपरिवेक्षण समितिको निर्वाचित गर्नका लागि मिति २०८३ भाद्र २४ गतेका दिन बसेको निर्वाचन उपसमितिको बैठकको निर्णयानुसार निम्नानुसार निर्वाचन कार्यतालिका प्रकाशन गरिएको व्यहोरा सरोकारवाला सबैमा जानकारीका लागि अनुरोध छ ।

तपसिल

(निर्वाचन नीतिको दफा ३ सँग सम्बन्धित)

निर्वाचन कार्यक्रम

मिति	समय	कार्यक्रम
२०८३ असोज १६ गते	विहान १०.०० बजे	मतदाता नामावली प्रकाशन गर्ने
२०८३ असोज १६ र १७ गते	विहान १०.०० बजेदेखि अपरान्ह ४.०० बजेसम्म	मतदाता नामावली उपर दावीविरोध (छुट नाम दर्ता, सच्याउने वा हटाउने)
२०८३ असोज १८ गते	अपरान्ह ४.०० बजे	अन्तिम मतदाता नामावली प्रकाशन गर्ने
२०८३ असोज १९ गते	दिउसो १.०० बजेदेखि ३.०० बजेसम्म	उम्मेदवारको मनोनयन दर्ता
२०८३ असोज १९ गते	अपरान्ह ५.०० बजे	उम्मेदवारको नामावली प्रकाशन
२०८३ असोज २० गते	दिउसो २.०० बजेदेखि ३.०० बजेसम्म	उम्मेदवारको मनोनयन उपर दावीविरोध
२०८३ असोज २० गते	अपरान्ह ५.०० बजेसम्म	दावी विरोध उपर छानविन, उम्मेदवारी फिर्ता र उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन गर्ने
२०८३ असोज २६ गते	विहान १०.०० देखि अपरान्ह ३.०० बजेसम्म	सबै सेवाकेन्द्रहरूमा मतदान
२०८३ असोज २७ गते	विहान ११.०० बजेदेखि	मतगणना सुरु
२०८३ असोज २८ गते	विहान ११.०० बजे	निर्वाचित समितिहरूको घोषणा तथा सपथ

BSACCOS

वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.
Birendranagar Saving and Credit Co-operativet Ltd.

वीरेन्द्रनगर -६, सुर्खेत, कर्णाली प्रदेश, नेपाल
फोनः ०८३-५२२३१७, ५२३३१७
www.bsaccos.com.np,
Email: birendranagar.sacoss@gmail.com



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)